कृष्णपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गुलरिया, कञ्चनपुर
७ नं प्रदेश, नेपाल

**शिलबन्दी दरभाउपत्रआह्वानको सुचना**

महेशबहादुर बम
प्रमुख प्रशासकीय अधिकृत
२०७४/१२/०९

**प्रथमपटक प्रकाशित मिति: २०७४/१२/०९**

यस कृष्णपुर नगरपालिकाको आ.व. २०७४/०७५ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सडकहरु कालोपत्रे गर्ने कार्यको लागि नेपाल सरकारबाट इजाजत (मान्यता) प्राप्तनिर्माण व्यवसायीहरुबाटनिम्न शर्तहरुको अधिनमा रही रितपूर्वक दरभाउपत्र आह्वान गरिएको व्यवहोरा सम्बन्धितसबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

१. योदरभाउपत्र फारम खरिद गर्न चालु आर्थिक वर्ष का लागि नविकरण भएको ईजाजतपत्र, आयकर दर्ता, मु.अ.कर दर्ता र आ.व. २०७३/०७४ सम्मको कर चुक्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी लिखित निबेदन साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने) तिरी ईच्छुक दरभाउपत्रदाताले २०७४/१२/२३गते सम्म (सो दिन बिदा परेमा आर्को दिन) यस नगरपालिका बाट खरिद गर्न सकिनेछ|

२. खरिद भएका दरभाउपत्र २०७४/१२/२४गते(सो दिन बिदा परेमा आर्को दिन)दिनको १२:०० बजे भित्र शिलबन्दिलाहाछापगरि खाममा विवरण प्रस्ट खुलाई यस नगरपालिकामा दर्ता गरि सक्नु पर्नेछ | दर्ता भएका दरभाउपत्रहरुसोहि दिनको २:०० बजे उपस्थितदरभाउपत्रदातावा निजको प्रतिनिधिहरु र नगरपालिका प्रतिनिधिहरुकोरोहबरमा खोलिनेछ | दरभाउपत्रदाताहरुवा निजको प्रतिनिधि नभएमा पनि बोलपत्रखोल्न बाधा पर्ने छैन |

३. दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन सोहि समयानुसार हुनेछ ।

४. दरभाउपत्रकासाथ जमानत बापतको तपशिलबमिजिमकोरकमराष्ट्रिय बाणिज्य बैंककोयस नगरपालिकाको खाता नम्बर ४१८०३०३००७१०५ मा जम्मा गरेको सक्कलै भौचर वा सो रकम बराबरकोधरौटी रकम कम्तिमा ७५ दिन सम्म म्याद भएको "क" श्रेणीको बाणिज्य बैंकको जमानी पत्र (बिडबन्ड) संलग्न राखी पेश गर्नुपर्नेछ |शिलाबन्दिदरभाउपत्रकोमान्य अबधि ४५ दिनको हुनेछ |

५. म्याद नाघी आएको, रित नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कारवाही हुने छैन|.

६. दरभाउपत्रदाताबाटदरभाउपत्रमाउलेखित मूल्य अभिवृद्धि कर बाहेकको रकम उल्लेख गर्नुपर्नेछ| दररेट अंक र अक्षरमाउल्लेख गर्नु पर्ने | अंक र अक्षरमाफरक परेमा अक्षरलाईमान्यता दिईनेछ | केरमेट भएमा केरमेट भएको ठाउँमासहिछाप भएको हुनुपर्नेछ ।

७. यस नगरपालिकाको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालमा सुरक्षित रहनेछ|

८. दरभाउपत्र सम्बन्धि कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस नगरपालिकाको योजना शाखामा सम्पर्क राख्न सकिनेछ|

९. यस सुचनामा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित नेपालको कानुन बमोजिम हुनेछ ।

१०.दरभाउपत्रको कामको विवरण निम्न अनुसारको हुनेछ ।

तपशिल:-

| सि.नं. | ठेक्का नम्बर | कामको विवरण | ल.ई. रकम(कन्टेन्जेन्सी र भ्याट बाहेक) | जमानत रकम |
|---|---|---|---|---|
| १ | १५/२०७४/०७५ | गुलरिया देखि मालुबेला जाने सडक कालोपत्रेगर्नेवा. नं. ५ | रु.१७,६९,९११.५० | रु. ५५,५०० |
| २ | १६/२०७४/०७५ | वाणी देखि नन्दिपुर जाने सडक कालोपत्रे गर्ने वा. नं. २ | रु.११,७५,००२.६५ | रु. ३३,५०० |
| ३ | १७/२०७४/०७५ | मूल सडक देखि वडा कार्यालय हुदै लम्बागडैया सम्मको सडक कालोपत्रे गर्नेवा. नं. ३ | रु.९,२९,१९६.५० | रु. २६,५०० |
| ४ | १८/२०७४/०७५ | कृष्णपुर२ देखि जनउत्थान जाने सडक कालोपत्रे, वा. नं. २ | रु.८,७०,२२९.३८ | रु. २४,६०० |

प्रमुख प्रशासकीय अधिकृत